गण्डकी प्रदेश सरकार
फोन नं. : ०६१-५५०४६२
०६१-५२८५७३
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
गण्डकी प्रदेश, पोखरा

प.स. : ०८०/०८१
च.नं. :

गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय शिक्षा विकास निर्देशनालय पोखरा, नेपाल

## सहिद दिल बहादुर रम्तेल स्मृति छात्रवृत्ति प्राप्तिका लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना

मिति:२०८०/०७/१९

यस प्रदेश भित्र स्थायी बसोवास गर्ने नेपाली नागरिकहरुमध्ये तपशिल बमोजिमका छात्रवृत्ति प्राप्तिका लागि तपशिलमा उल्लेख भए बमोजिमका कागजात र निवेदन सहित यो मिति २०८०/०८/१५ गते भित्र शिक्षा विकास निर्देनालय, गण्डकी प्रदेश, पोखरामा सक्कलै निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ । यस सम्बन्धी थप जानकारी,निवेदनको ढाँचा र पेश गर्नुपर्ने कागजातहरु शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेश पोखराको वेबसाइट www.edd.gandaki.gov.np मा हेर्न सक्नुहुन्छ । थप जानकारीको लागि ९८५६०४४२६२, ९८४६०८३८६३ वा ९८६६०५८००१ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

तपशिलः

| क.स. | कार्यक्रमको नाम | निवेदन पेश गर्न सक्ने विद्यार्थी | निवेदन साथ पेश गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १ | सहिद दिल बहादुर रम्तेल स्मृति छात्रवृत्ति | छात्रवृत्ति प्रदान गर्नका लागि यसभन्दा अघि प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र मातहतका कार्यालयबाट र अन्य स्रोतबाट छात्रवृत्तिमा सिफारिस नभएका एमबिबिएस, लगायत स्नातक तहमा बिडिएस, बिएन, बिएससी नर्सिङ, इन्जिनियरिङ वन विज्ञान, कृषि र पशु विज्ञान विषयहरु उच्च शिक्षा अध्ययन गर्दै गरेकादलित, लोपोन्मुख, अल्पसंख्यक तथा गरीब विद्यार्थी र सहिद,बेपत्ता, द्धन्द पिडित एवम् जन आन्दोलनका घाइतेका छोराछोरीको रुपमा रहेका विद्यार्थीहरु । | (क.)अनुसूची ३३ बमोजिमको निवेदन<br>(ख.)नागरिकताको प्रमाणपत्र,<br>(ग.) दलित जाति खुल्ने प्रमाणित कागजातको प्रतिलिपि,<br>(घ.) शहिद वेपत्ता परिवारको विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु,<br>(ङ.) जन आन्दोलनका घाइते र द्वन्द्वपिडित खुल्ने प्रमाणित कागजात र स्थानीय तहको किटानी सिफारीस पत्र,<br>(च.) भर्ना भएको प्रमाण खुल्ने र अन्यत्रबाट छात्रवृत्ति नपाएको भन्ने क्याम्पसको प्रमाणित पत्र,<br>(छ.) कक्षा १२ उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी<br>(ज) SLC/ SEE र कक्षा १२ सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट प्रमाणित सिफारिस<br>(झ.)आर्थिक अवस्था कमजोर भएका गरिब विद्यार्थी भएमा निजको आर्थिक अवस्था खुल्ने गरी स्थानीय तहको सिफारिस पत्र<br>(ञ.) लोपोन्मुख तथा अल्पसंख्यक जातिका विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु<br>(ट.)सम्बन्धित विद्यार्थीको बैंक खाता नं( kyc update भएको ) उल्लेख भएको तर हस्ताक्षर नभएको सक्कल चेक एक प्रति ।<br>(ठ.) SEE र कक्षा १२ मा अध्ययन गरेको संस्थागत/ सामुदायिक विद्यालय कुन हो सो को स्पष्ट खुल्नेगरी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस पत्र । |

२०८०/६/२९
उप-महानिर्देशक
(अधिकृत दशौं)

(५) माननीय सुशिला सिंखडा
सदस्य
सामाजिक विकास तथा ...
गण्डकी प्रदेश

२.३७ सहिद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ति कार्यक्रम (उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | २००० | तेस्रो |

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको पृष्ठभूमि | यस प्रदेश भित्र स्थायी बसोबास गर्ने नेपाली नागरिक मध्ये एम.बि.बि.एस., लगायत प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्दै गरेका सहिद, बेपत्ता, द्वन्द पिडित एवम् जनआन्दोलनका घाइते, लोपोन्मुख, अल्पसंख्यक, दलित र गरीब परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहन गर्न सहिद दिल बहादुर रम्तेल स्मृति छात्तवृत्ति कार्यक्रमका लागि बजेट ब्यवस्था गरिएको छ । |
| २ | कार्यक्रमको उद्देश्य | शहिद र वेपत्ता परिवारका छोराछोरी, द्वन्द्वपिडित, जनआन्दोलनका घाइते, लोपोन्मुख, अल्पसंख्यक, दलित तथा गरिब परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन पूरा गर्न प्रोत्साहित गर्ने । |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा विकास निर्देशनालय |
| ४ | बजेट बाँडफाड | सूचना प्रकाशन, निवेदन मूल्याङ्कन, छात्रवृत्ति रकम र व्यवस्थापन |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | क. परिभाषा- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,<br>१. **शहिद** भन्नाले राज्यले शहिद भनि घोषणा गरेका व्यक्तिलाई जनाउँदछ।<br>२. **बेपत्ता परिवार** भन्नाले सशस्त्र द्वन्द्व र मधेश आन्दोलनका क्रममा बेपत्ता भएका वा पारिएका व्यक्तिका परिवारलाई बुझाउँदछ।<br>३. **द्वन्द्व पिडीत** भन्नाले सशस्त्र जनयुद्धमा ज्यान गुमाएका र घाइतेका परिवार वा छोराछोरिलाई जनाउँछ।<br>४. **जनआन्दोलनका घाइते** भन्नाले वि.सं. २०६२/२०६३ को जनआन्दोलनमा घाइते भएका व्यक्तिलाई सम्झनु पर्दछ।<br>५. **मेडिकल कलेज** भन्नाले विभिन्न विश्वविद्यालयहरुबाट मेडिकल कलेज रुपमा सम्बन्धन वा अनुमति पाएका संस्थालाई सम्झनु पर्दछ । यसले एमविविएस कक्षा संचालन गर्ने अन्य स्वास्थ्य विज्ञान प्रतिष्ठानलाइ समेत जनाउनेछ।<br>६. **दलित विद्यार्थी** भन्नाले कानून बमोजिम दलित भनी तोकिएका जातिका विद्यार्थीलाई सम्झनु पर्दछ ।<br>७. **गरिब विद्यार्थी** भन्नाले सम्बन्धित स्थानीय तहले गरिब हो भनि किटानी साथ सिफारिश गरेका विद्यार्थीलाई सम्झनु पर्दछ।<br>८. **प्रोत्साहन छात्रवृत्ति** भन्नाले एमविविएस लगायतका स्नातक तहमा प्राविधिक विषय अध्ययन गर्नका लागि विश्वविद्यालयमा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाइ बिचैमा छाड्न नपरोस भनि उपलब्ध गराइने थप सहायता रकम सम्झनु पर्दछ ।<br>९. **उच्च प्राविधिक शिक्षाः** छात्रवृती व्यावस्थापनका लागि स्नातक तहमा |

माननीय सुशिला सिंखडा
मन्त्री
सामाजिक विकास तथा ...
गण्डकी प्रदेश

एमविविएस, बिडिएस, बिएन, बिएससी नर्सिङ, इन्जिनियरिङ वन विज्ञान, कृषि र पशु विज्ञान विषयहरु सम्झिनु पर्दछ ।

**ख. सूचना प्रकाशनः** छात्रवृत्ति प्रदान गर्नका लागि यसभन्दा अघि प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयबाट र अन्य स्रोतबाट छात्रवृत्ति नपाएका विद्यार्थीहरुका लागि कम्तिमा २१ दिनको सार्वजनिक सूचना निर्देशनालयको वेभसाइट, अन्य विद्युतिय माध्यम र राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरी तोकिएका कागजात सहित निवेदन माग गर्ने ।

**ग. निवेदन पेश गर्ने स्थानः** अनुसुची-३३ को ढाँचामा शिक्षा विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

- नागरिकताको प्रमाणपत्र,
- दलित जाति खुल्ने प्रमाणित कागजातको प्रतिलिपि,
- शहिद वेपत्ता परिवारको विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु,
- जनआन्दोलनका घाइते र द्वन्द्वपिडित खुल्ने प्रमाणित कागजात र स्थानीय तहको किटानी सिफारीस पत्र,
- भर्ना भएको प्रमाण खुल्ने र अन्यत्रबाट छात्रवृत्ति नपाएको भन्ने क्याम्पसको प्रमाणित पत्र,
- कक्षा १२ उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी
- SLC/ SEE र कक्षा १२ सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट प्रमाणित सिफारिस
- आर्थिक अवस्था कमजोर भएका गरिब विद्यार्थी भएमा निजको आर्थिक अवस्था खुल्ने गरी स्थानीय तहको सिफारिस पत्र
- लोपोन्मुख तथा अल्पसंख्यक जातिका विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु

**घ. छात्रवृत्ति रकम सम्वन्धमाः** छात्रवृत्ति वापतको रकम देहाय बमोजिम उपलब्ध गराउनु पर्नेछ।

अ. एमविविएस कार्यक्रमका लागि प्रति विद्यार्थी एकमुष्ट दुई लाख रुपैंया

आ. तोकिएका अन्य प्राविधिक बिषयका लागि प्रति विद्यार्थी एकमुष्ट पचास हजार रुपैया

**ङ. छात्रवृत्ति कोटा वितरणः** एमविविएस- ५ (पाँच) र अन्य प्रविधिक विषय-१९ (उन्नाइस)।

**च. मूल्याङ्कनः** प्राप्त भएका निवेदनहरुको अनुसूची-३४ बमोजिमका आधारहरुमा मूल्याङ्कन गरी महानिर्देशक समक्ष सिफारीस गर्न निर्देशनालयमा देहाय बमोजिमको एक समिति गठन हुनेछ।

- संयोजकः निर्देशक, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय
- सदस्यः मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि
- सदस्यः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको अधिकृत प्रतिनिधि
- सदस्य सचिवः शाखा अधिकृत, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास

मानिनीय सुशिला सिंखड़ा
सामाजिक विकास तथा
गण्डकी प्रदेश

| | | |
|---|---|---|
| | | निर्देशनालय<br>**छ. छात्रवृत्ति रकम भुक्तानीः** छात्रवृत्ति प्राप्तीका लागि स्वीकृत भएका विद्यार्थीहरुको खातामा रकम भुक्तानी दिनुपर्नेछ । |
| ६. | अपेक्षित उपलब्धि प्रतिफल | शहिद र वेपत्ता परिवारका छोराछोरी, द्वन्द्वपिडित, जनआन्दोलनका घाइते, लोपोन्मुख, अल्पसंख्यक, दलित तथा गरिब परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन पूरा गर्न प्रोत्साहन पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | सम्बन्धित विद्यार्थीको बैंक खाता विवरण (चेकको फोटोकपी) |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय पोखरा । |
| | | |

माननीय सुशीला ...
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
गण्डकी प्रदेश

अनुसूची -३३

## शहीद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ती निवेदनको ढाँचा

पासपोर्ट साइजको फोटो

- **निवेदकको व्यक्तिगत विवरण**

नाम थर:  लिङ्ग:
जात/जाति:
स्थायी ठेगाना:
जिल्ला:  स्थानीय तहको नाम:  वडा नं.
बाबुको नाम:  बाबुको पेसा:
आमाको नाम:  आमाको पेसा:
अभिभावकको मोवाइल नम्बर:
परिवारको औषत वार्षिक आम्दानी :

- **शैक्षिक संस्थाको विवरण:**

कक्षा १२ उत्तीर्ण विद्यालयको नाम:  ठेगाना:
उत्तीर्ण साल:  प्राप्ताङ्क प्रतिशत/जिपिए :
SLC/SEE उत्तीर्ण गरेको विद्यालय : ☐ सार्वजनिक विद्यालय, ☐ संस्थागत विद्यालय
भर्ना भएको कलेजको नाम:  ठेगाना:
भर्ना भएको शैक्षिक सत्र:  भर्ना रोल नम्बर:

- **अन्य विवरण:**

खाता रहेको बैङ्कको नाम, ठेगाना:  खाता न:
विद्यार्थीको मोवाइल नं. :  इमेल ठेगाना :

- **सहिद तथा वेपत्ता परिवार/व्दन्द पीडित/जनआन्दोलनका घाइते/दलित/अल्पसंख्यक तथा लोपोन्मुख जाति/गरिब: (कुनबाट प्रतिनिधित्व गर्ने हो स्पष्ट उल्लेख गर्ने)........**

म निवेदकले यस उच्च शिक्षा अध्ययनका लागि अन्य कुनै निकायबाट सहयोग एवं छात्रवृत्ति पाए/लिएको छैन। मैले माथि उल्लेख गरेका विवरणहरु ठिक सत्य हो। फरक परेमा प्रचलित कानून बमोजिम सहुँला/ बुझाउँला ।

विद्यार्थीको हस्ताक्षर:

**अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
२. बसाईंसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईंसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
३. कक्षा १० (SEE) र १२ उत्तीर्ण गरेको ट्रान्सक्रिप्टको प्रमाणित प्रतिलिपी (विदेशी वोर्डवाट उत्तीर्ण भएको भए समकक्षता)
४. कक्षा १० (SEE) उत्तीर्ण विद्यालय सामुदायिक विद्यालय हो भनि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित गरेको पत्र,
५. चालु आ.व. मा अध्ययनरत रहेको व्यहोराको सम्बन्धित कलेजको सक्कलै पत्र,
६. शहीद वा वेपत्ता परिवारको सदस्य खुलेको प्रमाण र नाता प्रमाणित
७. द्वन्द पीडित/जनआन्दोलनका घाइते परिवारको सदस्य खुलेको प्रमाण र नाता प्रमाणित
८. दलित तथा अल्पसङ्ख्यक जाति खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित आयोगबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपी ।
९. गरीबी खुलेको स्थानीय तहको सक्कलै सिफारिस पत्र (सबै समूहका लागि)

(ख)

प्रमिला सिंखडा
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
गण्डकी प्रदेश

अनुसुची- ३४

शहीद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ती छनौटका आधारहरु

| क्र.सं. | विषय/आधारहरु | पूर्णाङ्क | अंक विभाजन विवरण |
|---|---|---|---|
| १ | SLC/SEE को प्राप्ताङ्क | १५ | SLC/SEE को प्राप्ताङ्कलाई १५% अङ्कभार प्रदान गरिनेछ । (१५ लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अङ्कभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ । |
| २. | कक्षा १२ को प्राप्ताङ्क | ४० | कक्षा १२ को प्राप्ताङ्कलाई ५०% अङ्कभार प्रदान गरिनेछ । (५० लाई प्राप्त प्रतिशतले गुणा गरी १०० ले भाग गरेर अङ्कभार निकाल्ने) अक्षराङ्कन पद्धतिबाट प्राप्त ग्रेडसिटलाई प्रतिशतमा बदल्दा GPA×0.95×25 सुत्र प्रयोग गरिनेछ । |
| ३. | शहिद र बेपत्ता परिवारका छोराछोरी | २५ | शहीद र बेपत्ता परिवारका छोराछोरी भएमा - २५ अङ्क<br>द्वन्द पीडित/जनआन्दोलनका घाइते परिवारका छोराछोरी भएमा-१५अङ्क<br>अल्पसंख्यक/लोपोन्मुख/दलित/गरिब परिवारका छोराछोरी भएमा-१०अङ्क |
| ४. | विद्यालयको प्रकार | १० | कक्षा १० अध्ययन गरेको विद्यालय (सामुदायिक विद्यालयः ५ अंक, संस्थागत विद्यालयः ३ अंक)<br>कक्षा १२ अध्ययन गरेको विद्यालय (सामुदायिक विद्यालयः ५अंक, संस्थागत विद्यालय ३ अंक) |
| ५. | भौगोलिक क्षेत्र | १० | गाउँपालिका भए - १० अंक<br>नगरपालिका भए - ७ अंक । |
| जम्मा | | १०० | |

नोटः कुल अंक मध्ये ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई छनौट समितिले योग्यता सूचीका आधारमा स्वीकृतिका लागि सिफारिस गर्नेछ । अंक बराबर भएमा प्राथमिकता क्रममा क्रमशः शहीद वा बेपत्ता परिवार, द्वन्द्वपिडित, जनआन्दोलनका घाइते, लोपोन्मुख, अल्पसंख्यक, दलित तथा गरिब परिवारका विद्यार्थीहरु छनौट गरिनेछ ।